बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा
कोशी प्रदेश , नेपाल

☎ सम्पर्क: ०२३-५९७००७

# आ.व. २०८३/०८४ मा बिर्तामोड नगरपालिकाको टेक बहादुर गिरी बसपार्क पार्किङ शुल्क तथा पूर्वाधार उपयोग सेवा शुल्क संकलन सम्बन्धी बोलपत्र फाराम

**ठेक्का नं.:-** BTMMUN/REVENUE/NCB-35/082-83

२०८३, असार

SAGAR MISHRA
Chief Administrative Officer

# बिर्तामोड नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बिर्तामोड झापा

कोशी प्रदेश, नेपाल

आन्तरिक आय संकलनको लागि

**बोलपत्र आह्वान गरिएको सूचना**

दोस्रो पटक प्रकाशित मिति २०८३/०३/१५

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा बिर्तामोड नगरपालिकाको आन्तरिक आय संकलन ठेक्का बन्दोबस्त कार्यविधी, २०७७ को दफा ३ बमोजिम बिर्तामोड नगरपालिकाले आगामी आ.व. २०८३/०८४ मा बार्षिक रुपमा उठाउन पाउने देहायको आन्तरिक आय प्रचलित कानुन बमोजिम ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुँदा इच्छुक फर्म वा कम्पनीले तपसिलमा उल्लेखित दस्तुर तिरी यो सूचना प्रकाशित भएको मितिले तपसिलमा उल्लेखित सर्त बमोजिमको समयमा सार्वजनिक खरिद अनुगमन कार्यालयको web Portal www.bolpatra.gov.np/egp विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | ठेक्का विवरण | न्यूनतम ठेक्का अंक बार्षिक (मू.अ.कर सहित) | धरौटी रकम | बोलपत्र दस्तुर | बोलपत्र खरिद तथा पेश गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|
| BTMMUN/REVENUE/NCB-35/082-83 | टेक बहादुर गिरी बसपार्क पार्किङ शुल्क तथा पूर्वाधार उपयोग सेवा शुल्क | ७१,८२,०००/- (अक्षेरुपी एकहत्तर लाख बयासी हजार रुपैया मात्र) | कबोल अंकको ५% | ४०००/- | २०८३/०३/२५ गते दिनको १२ बजे भित्र |

**सर्तहरु**

१. इच्छुक बोलपत्रदाताले फर्म/कम्पनीको दर्ता/नवीकरण प्रमाणपत्र, PAN/ VAT दर्ता प्रमाणपत्र र आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रलाई Scan गरेर तोकीएको मिति र समयभित्र upload गर्नुपर्नेछ ।

२. बोलपत्र फाराम खरिद बापतको रकम यस कार्यालयको एन. आइ. सि. बैंक शाखा बिर्ताबजारमा रहको आन्तरिक राजश्व खाता नं २४६२०५००२८३५४००२ मा संकेत नं. १४२२९ को अन्य प्रशासनिक सेवा शुल्क शिर्षकमा जम्मा गरेको सक्कलै बैंक भौचर विद्युतीय माध्यमबाट scan गरी पेश गर्नुपर्नेछ ।बोलपत्रको दस्तुर बापतको रकम फिर्ता हुनेछैन ।

३. बोलपत्रसाथ धरौटी बापत मू.अ.कर सहित कबोल अंकको ५ प्रतिशतले हुन आउने बोलपत्र जमानत बापतको रकम यस कार्यालयको एन.आइ. सि. बैंक शाखा विर्ताबजारमा रहेको धरौटी खाता नं २४६CA५००१८८७०००५ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यताप्राप्त वाणिज्य बैंक वा वित्तिय संस्थाले यस कार्यालयको नाममा जारी गरेको बोलपत्रको सूचना जारी भएको मितिबाट बोलपत्रको हकमा १२० (एक सय बीस) दिन म्याद भएको बैंक ग्यारेन्टी (विडवण्ड) बोलपत्र पेश गर्दा Scan गरेर upload गर्नुपर्नेछ।

SAGAR MISHRA
Chief Administrative Officer

४. विद्युतीय माध्यमबाट प्राप्त हुन आएका बोलपत्रहरु सोही दिनको २:०० बजेपछि बोलपत्रदाता वा निजहरुको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलपत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र पेश गर्ने र खोल्ने अन्तिम दिन विदा पर्न गएमा उक्त कार्य पछि कार्यालय खुलेको दिन १२:०० बजे सम्म दाखिला गर्न तथा सोही दिनको २:०० बजे खोल्न समय कायम गरिनेछ।

५. बोलपत्र फाराममा कबोल अंक र अक्षरमा स्पष्ट बुझिने गरी लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

६. बोलपत्रदाताले खरिद कार्वाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कार्वाहीमा स्वार्थ नबाझिएको र सम्बन्धित कसुरमा सजाय नपाएको भनी लिखित रुपमा स्व: घोषणा कागजात बोलपत्रसाथ पेश गर्नुपर्नेछ । नगरपालिकालाई बुझाउनु पर्ने बाँकी कर बक्यौता रकम भएमा फर्महरुले बाँकी कर बक्यौता रकम नबुझाएसम्म निजले बोलपत्र खरिद गर्न पाउने छैन ।

७. कुनै कारण जनाइ नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा निहित हुनेछ ।

८. ठेक्का अवधि एक आर्थिक वर्ष (२०८३ श्रावण देखी २०८४ असार मसान्त) सम्मको हुनेछ ।

९. बिर्तामोड नगरपालिका क्षेत्रभित्रबाट ठेक्कामा उल्लेखित कर, दस्तुर तथा शुल्क संकलन गर्दा बिर्तामोड नगरपालिकाले पारित गरेको आर्थिक ऐन बमोजिमको दरमा संकलन गर्नुपर्नेछ। सो दर बाहेक कुनै कर, दस्तुर र सेवा शुल्क लिन पाइने छैन ।

१०.माथि उल्लेखित सर्तहरु तथा अन्य सर्तमा उल्लेखित बुँदाहरु बाहेकको हकमा प्रचलित कानुन तथा नगर कार्यपालिकाको निर्णय अन्तिम हुने हुनेछ ।

११.ठेक्का सम्बन्धी अन्य सर्त तथा विस्तृत विवरण इ-विडिङ तथा बिर्तामोड नगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट लिन सकिनेछ। बोलपत्रले उक्त सबै सर्तहरु पूरा गर्नुपर्नेछ ।

<u>अन्य सर्तहरु</u>

१. सर्त राखि पेश गरेको रित नपुगेको वा म्याद नाघी आएका बोलपत्र माथि कुनै प्रकारको कारबाही हुने छैन ।

२. उल्लेखित आन्तरिक आयको ठेक्का स्वीकृत भएपश्चात सम्झौताका बखत सम्बन्धित ठेकेदारले नेपाल सरकारले तोके अनुसार मूल्यअभिवृद्धि कर (VAT) आफुले कबोल गरेको अंकमा थप गरी वा जम्मा गरेको भौचर सहित एकमुष्ठ रुपमा यस कार्यालयमा वुझाउनु पर्नेछ ।साथै किस्तामा रकम वुझाउने गरी ठेक्का सम्झौता गर्दा सोही अनुसार किस्तामा भ्याट रकम समावेश गरी वा जम्मा गरेको भौचर सहित बुझाउनु पर्नेछ।

३. बोलपत्र स्वीकृत भएपछि सूचना पाएको वा पत्रिकामा सूचना प्रकाशन भएको मितिले बोलपत्रको हकमा १५ दिन भित्र सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ । सो अवधिभित्र सम्झौता गरी पट्टा नलिएमा निजको धरौटी रकम जफत गरी त्यसपछिको रितपूर्वकको बोलपत्रदातालाई ठेक्का सम्झौता गर्न सूचना दिइनेछ ।

४. ठेक्काको स्वीकृत रकम एकमुष्ठ बुझाएमा स्वीकृत अंकमा १० प्रतिशत रकम छुट दिइनेछ ।

५. कुल कबोल अंकलाई ३ किस्ता कायम गरिनेछ ।पहिलो किस्ता वापत कबोल अंकको ४० प्रतिशतले हुन आउने रकम सम्झौता हुन अगावै बुझाउनु पर्नेछ । दोश्रो किस्ता वापत कबोल अंकको ३० प्रतिशत र तेस्रो किस्ता बापत कबोल अंकको ३० प्रतिशत सम्झौतामा तोकिएको म्याद भित्र बुझाउनु पर्नेछ । म्याद भित्र नवुझाएमा बाँकी रकमको बिर्तामोड नगरपालिकालाई १० प्रतिशतले हुन आउने जरिवाना रकम ठेकेदारले तिर्नु पर्नेछ ।

६. ठेकेदारसँग ठेक्का सम्झौता गर्दा एकमुष्ठ रकम बुझाउनेको हकमा सम्पूर्ण रकम दाखिला गरिसकेपछि र किस्तबन्दी बुझाउनेको हकमा पहिलो किस्ताको रकम बुझाए पछि बाँकी रहने दोस्रो र तेस्रो किस्ताको वुझाउन बाँकी रकम

SAGAR MISHRA
Chief Administrative Officer

बराबरको यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंक वा वितिय संस्थाबाट जारी गरिएको २०८४ साल श्रावण मसान्तसम्म अवधि भएको कार्य सम्पादन जमानत (पर्फमेन्स बैंक ग्यारेन्टी )प्राप्त भएपछी ठेक्का सम्झौता गरी चलान पूर्जी दिइनेछ।

७. ठेक्का सञ्चालनको सिलसिलामा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन, नियम अनुसार बुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदी सबै ठेकेदार स्वयमले सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ ।

८. नेपाल सरकार तथा बिर्तामोड नगरपालिकाले समय समयमा दिइएका नीति, निर्देशन तथा आदेशहरुको पालना ठेकेदारले गर्नु पर्नेछ।

९. शुल्क उठाउन प्रयोग हुने रसिदहरु २ (दुई) प्रति भएको रसिद ठेकेदार आफैले छपाई त्यसमा कार्यालयको छाप लगाई छापिएको रसिदको अभिलेख कार्यालयमा राखेर मात्र दस्तुर र सेवा शुल्क उठाउन प्रयोगमा ल्याउनु पर्नेछ।

१०.ठेक्का अवधि भुक्तान भईसकेपछि आन्तरिक राजश्व कार्यालयबाट करचुक्ताको पत्र पेश भएपछि मात्र धरौटी रकम फिर्ता गरिनेछ ।धरौटी रकमलाई किस्तामा समावेश गरिने छैन ।

११.शुल्क संकलन गर्दा दोहोरो नहुने गरी एकरुपता कायम गरी संकलन गर्नु पर्नेछ । र शुल्क संकलन गर्ने स्थानमा संकलन गरिने वस्तुहरुको मूल्य सहितको सूची सर्वसाधरणले देख्ने गरी ठेकेदारले आफ्नै तर्फबाट अनिवार्य रुपमा राख्नु पर्नेछ ।राजश्व संकलन सम्बन्धित स्थानबाट मात्र गर्नुपर्नेछ ।राष्ट्रिय राजमार्गमा संकलन केन्द्र राख्न पाइने छैन ।

१२.ठेक्का संचालनको अवधिमा कुनै किसिमको छुट, माफी, मिनाहा दिइने छैन ।

१३. अन्य विस्तृत जानकारीको लागि नगरपालिकाको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

SAGAR MISHRA
Chief Administrative Officer

# विर्तामोड नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

विर्तामोड, झापा

कोशी प्रदेश , नेपाल

## बोलपत्र फाराम

## Bill of Quantity(BOQ)

ठेक्का नं :- BTMMUN/REVENUE/NCB-35/082-83

| कर उठाउन पाउने श्रोतको विवरण | न्यूनतम कबोल अंक (मू.अ.कर सहित) | आफुले कबोल गर्न चाहेको रकम (मू.अ कर सहित) | | कैफियत |
|---|---|---|---|---|
| | | कबोल अंक (जम्मा अंकमा) | अक्षरमा | |
| टेक बहादुर गिरी बसपार्क पार्किङ शुल्क तथा पूर्वाधार उपयोग सेवा शुल्क | ७१,८२,०००/-(अक्षरेपी एकहत्तर लाख बयासी हजार रुपैया मात्र) | | | |

बोलपत्र दाताको विवरण

फर्मको नाम:-

ठेगाना:-

प्रोपराइटरको नाम थर :-

फोन नं:-

हस्ताक्षर:-

स्थायी ठेगाना:-

फर्मको छाप:-

अख्तियारवालको नाम थर :-

मिति :-

SAGAR MISHRA
Chief Administrative Officer

अनुसूची-१२
(दफा १३ सँग सम्बन्धित)
टेकबहादुर गिरी बसपार्कमा लाग्ने पूर्वाधार उपभोग शुल्क (कर)
(राजश्व संकेत नं. ११४५२)

| सि.नं. | विवरण | पटकको |
|---|---|---|
| १ | ट्रक, बस | २५।- |
| २ | लरी, कन्टेनर | ५०।- |
| ३ | जिप, ट्याक्सी, कार, मारुती, भेन | १०।- |

अनुसूची-१०
(दफा ११ सँग सम्बन्धित)
नगरपालिकाले लगाउने पार्किङ शुल्कका क्षेत्र र दरहरु
(राजश्व संकेत नं. १४२२१)

नगरपालिका क्षेत्र भित्र नगरपालिकाले तोकी दिएको पार्किङ्ग क्षेत्र र बसपार्क क्षेत्रमा प्रवेश गर्दा सवारी पार्किङ्ग बापत देहाय अनुसारको पार्किङ शुल्क लिइनेछ ।

| सवारीको किसिम | दिवा पार्किङ्ग पटके दर | रात्री विश्राम शुल्क |
|---|---|---|
| बस, ट्रक, मिनीबस, ट्याक्टर आदिमा | २५।- | ३०।- |
| जिप, कार, माईक्रो भेन, भेन, पावरटिलर आदीमा | १५।- | २०।- |

नोटः- विदेशी सवारी साधनको हकम दोब्बर दस्तुर लाग्नेछ।

SAGAR MISHRA
Chief Administrative Officer